गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८१/०८/१८

समयः विहान ७:०० बजे

आज मिती २०८१/०८/१८ गते रस टेम्केमैयुङगाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामाबसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताब माथि छलफल गरी निर्णय गर्यो ।

उपस्थीती

| | | |
|---|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष | |
| श्री रमादेवी राई | गा.पा. सदस्य | |
| श्री नर बहादुर राई | गा.पा. सदस्य | |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य | |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य | |
| श्री हर्कराज राई | गा.पा. सदस्य | |
| श्री सुनिल राई | गा.पा. सदस्य | |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य | |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य | |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य | |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य | |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य | |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य | |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य | |
| श्री सन्तोष राई | गा.पा. सदस्य | |
| श्री कल्पना परियार | गा.पा. सदस्य | |
| श्री विकेन पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

श्री गंगा वहादुर तामाङ		का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखापाल श्री अर्जुनजंग बस्नेत

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

शिक्षा शाखा प्रमुख श्री राजन ढकाल

योजना शाखा श्री लिला प्रसाद पराजुली

कार्यालय सहयोगी श्री सुवास गिरी

## प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२) नगर प्रहरी गठनको लागि कार्यविधि निर्माण सम्बन्धमा।
३) सडक बोर्डसँगको साझेदारी सम्बन्धमा।
४) राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
५) ढुंगा, गिटी बालुवाको कर संकलन गर्ने सम्बन्धमा।
६) तह वृद्धि सिफारिस समिति गठन सम्बन्धमा ।
७) विविध

निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**निर्णय नं २ नगर प्रहरी गठनको लागि कार्यविधि निर्माण सम्बन्धमा।**

यस गाउँपालिकाको लागि नगर प्रहरी आवश्यक पर्ने भएकाले गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसारको पदमा नगर प्रहरी नियुक्ति गर्नका लागि नगर प्रहरी नियुक्ति तथा संचालन कार्यविधि तयार गर्न देहायानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

गाउँपालिका अध्यक्ष श्री सरोज बस्नेत -संयोजक

गाउँपालिका उपाध्यक्ष श्री रमादेवी राई – सदस्य

वडा नं. ३ वडा अध्यक्ष श्री पूर्ण प्रसाद राई – सदस्य

वडा नं. ४ वडा अध्यक्ष श्री हर्कराज राई – सदस्य

वडा नं. ९ वडा अध्यक्ष श्री नभराज माङपाहाङ – सदस्य

**निर्णय नं. ३. सडक बोर्डसँगको साझेदारी सम्बन्धमा।**

सडक बोर्ड नेपालबाट आ.ब २०८१/०८२ को लागि यस गाउँपालिकालाई सडक मर्मत कार्यको लागि रु १२,००,०००/- (बाह्र लाख) बिनियोजन भइ आएको हुदाँ उक्त बजेटबाट गाउँपालिकाबाट व्यहोर्नु पर्ने २०% बराबरको हुन आउने रकममा रु ३,००,०००/- थप गरि देहाय अनुसारको योजना संचालन गर्ने सम्बन्धित निकायमा सहमति पत्र पेश गर्ने निर्णय गरियो।

देहायः

१) ९ नं. वडा कार्यालय देखि वैराङ हुँदै कपासेभन्ज्याङ सम्म सडक मर्मत कार्य

**निर्णय नं. ४. राजश्व परामर्श समितिको निर्णयको अनुमोदन सम्बन्धमा ।**

मिति २०८१/०८/०३ र २०८१/०८/११ गते बसेको राजश्व परामर्श समितिको बैठकको निर्णयलाई अनुमोदन गरियो।

**निर्णय नं. ५. ढुंगा, गिटी बालुवाको कर संकलन गर्ने सम्बन्धमा।**

यस गाउँपालिकाबाट ढुंगा, गिटी बालुवा संकलन तथा बिक्री वितरण गर्नका लागि तीन पटक ठेक्का खुलाउदा समेत कुनै पनि ठेकेदार फर्महरुबाट प्रस्ताव पेश नभएकाले उक्त ढुंगा, गिटी बालुवाको कर सम्बन्धित वडा कार्यालयहरुबाट कर संकलन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६ तहवृद्धि सिफारिस समिति सम्बन्धमा ।

कोशी प्रदेशको स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० दफा २७(४) बमोजिम यस गाउँपालिकामा तपसिल बमोजिमको तहवृद्धि सिफारिस समिति गठन गर्ने निर्णय पारित गरियो ।

तपसिल:

प्रमुख प्रशासकीय अधिकृत- श्री विकेन पौडेल, अध्यक्ष

सि.अ.हे.व. छैठौं- श्री जगरनाथ प्रसाद साह, सदस्य

हे.अ. - श्री हेङखामा राई, सदस्य

निर्णय नं. ७. विविध

यस गाउँपालिका अन्तर्गतको मुख्य सडक सरसफाई, मुन्दुम पदमार्ग सरसफाई र विविन्न स्थानमा रहेका खानेपानी ट्याङ्की तथा मुलहरु सरसफाई गरेको रकम सम्बन्धित वडा कार्यालयबाट आएको प्रमाणित डोरहाजिरी र सिफारिसका आधारमा सरसफाई सेवा शुल्क शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।